Internet Service Provider Association of Nepal
ISPAN

च.न.: १३२/०८०-८१

मिति: २०८१/०१/१५

## प्रेस बिज्ञप्तिः

## नेपाल सरकारलाई 'नेपाल लगानी सम्मेलन- २०२४' को सफलताको हार्दिक शुभकामना !!

**नेपाल सरकारलाई नेपाल लगानी सम्मेलन( २०२४ को सफलताको हार्दिक शुभकामना तथा विशेष आग्रह !!**

नेपाल सरकारको आर्थिक नीतिको मूलमन्त्र उदारीकरण, खुला र प्रतिस्पर्धात्मक अर्थनीति हो। त्यसैले देशलाई आर्थिक रुपमा सवलिकरणतिर लान नेपाल सरकारको अहिले लगानी सम्मेलनको तयारी अन्तिम चरणमा पुगेको छ र भोलिदेखि सम्मेलन सुरु पनि हुँदैछ। यो उद्योगी, व्यावसायीहरुको लागि अत्यन्तै सकारात्मक पहल हो।

हामी देशैभरी अत्यावश्यक ईन्टरनेट सेवा प्रदान गर्दै डिजिटल फाउन्डेसन र सरकारको परिकल्पना डिजिटल नेपाललाई सार्थक बनाउने एक मजबुत खम्बा हौ। वर्तमान अवस्थामा नेपाल विश्वमा फिक्स्ड ब्रोडब्याण्डमा सस्तो ईन्टरनेट सेवा उपलब्ध गराउने मुलुकमा ८ औं स्थानमा पर्न सफल भएको छ र देशको ४३% भन्दा बढी घरधुरीमा र गाउँ गाउँ सम्म आज फिक्स्ड ब्रोडब्याण्डको पहुँच पुगेको छ । यसका साथै हामी राज्यलाई वार्षिक अर्बौं रुपैयाँ कर तिरेर समृद्ध राष्ट्र निर्माणको अभियानमा अटुट रुपमा लागिपरेका छौँ भने हजारौं जनालाई प्रत्यक्ष रुपमा रोजगारी दिइरहेका छौँ।

**अझै देशभित्रै राज्यको कुनै सुरक्षा र सहयोग विना आफैले जोखिम उठाउदै बैंकमा आफ्नो भए गरेको जायजेथा राखेर अर्बौं लगानी गरी हजारौंलाई रोजगारी दिइरहेको ईन्टरनेट क्षेत्रलाई विशेष रुपमा हेरिनु पर्दछ। विदेशी लगानीकर्ताले अन्य देशमा लगानी गर्नुभन्दा पहिले देशकै स्वदेशी उद्योगी व्यावसायीहरु मार्फत आफ्नो लगानीको सुनिश्चितताका लागि राज्यको नीति, व्यवसायीहरुलाई गरिने व्यावहार र प्रदान गरिने सेवाहरु बुझेर मात्रै लगानी गर्ने कुरो अन्तर्राष्ट्रिय जगतमा चलिआएको पद्धति पनि हो। जुन हाम्रो जस्तो मुलुकमा अझ बढी सान्दर्भिकता राख्दछ।**

**आज हामी राज्यको चर्को र उच्चदरको करको मारमा परेको अवस्था, हाम्रो व्यावसाय संचालनको लागि राज्यले गर्ने सहजीकरणको कुनै आभास नै नभएको अवस्थामा विदेशी लगानिकर्ताहरुले व्यावसायिक माहोलको बारेमा चासो राखेको खण्डमा उनीहरूलाई हाम्रो मुलुकमा लगानी गर्नको लागि कसरी सकारात्मक बनाउने भन्ने कुराको हामी अन्यौलमा छौँ।**

Anamnagar-29, Kathmandu, Nepal, GPO 9875, EPC 5368
Tel: +9779801878940, E-mail: info@ispan.net.np, ceo@ispan.net.np, URL: www.ispan.net.np

हामी राज्य र सरकारलाई सदैव, हरेककोणबाट सहयोग गरिनै रहेका छौँ र आउने दिनमा पनि गरिनै रहने छौँ भन्ने कुरामा प्रतिवद्द छौँ। हाम्रा पनि हाम्रो व्यावसाय निरन्तर संचालन गर्न दिनानुदिन भोगिरहेका अनेक समस्याहरु छन, जसको निराकरण राज्यले मात्रै गर्नसक्छ। हामीले अझै नागरिकहरुलाई चुस्त, दुरुस्त र निरन्तर सेवा प्रवाह गर्नका लागि राज्यबाट पनि सहयोगको ठूलो आशा गरेका छौँ। सो को लागि विभिन्न चरणमा राज्यका सम्बन्धित निकायहरूलाई अवगत गराएकै छौ।

**यस्तो लगानी सम्मेलन जस्तो गरिमामय अवसरमा हामी ज़स्ता स्वदेशी लगानीकर्ताहरुको मनोबल पनि उच्च पारिदिनु हुन सरकारलाई विशेष आग्रह गर्दछौं र देशको आमूल परिवर्तनको हेतु विदेशी लगानी प्रशस्त मात्रामा आओस्, देशको श्रमशक्तिले देशमै उचित किसिमको रोजगारी पाओस् भन्ने कामना गर्दै लगानी सम्मेलन( २०२४ को सफलताको लागि फेरि पनि अग्रिम शुभकामना व्यक्त गर्दछौं।**

**भवदीय,**

नविन श्रेष्ठ
महासचिव